# बकैया गाउँकार्यपालिकाको मिति २०७५।१२।१ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

## १. विशेष अनुदान सम्बन्धमा

नेपाल सरकार अर्थ मन्त्रालयको च नं १७९२ मिति २०७५।११।७ को पत्र बमोजिम यस गाउँपालिकालाई प्राप्त समपुरक अनुदान तपशिल बमोजिमका योजनामा विनियोजन गरी योजना संचालन गर्ने निर्णय गरियो।

तपशिल

| क्र सं | योजनाको नाम | वडा | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | जितपुर कोलखोप रातोमाटे ठिङ्गन सडक | बकैया १२ | ४०,००,०००.०० | |
| २ | भिरकोट तिनभंगाले सानोहाँडी विजलडाँडा सडक | बकैया ७ र २ | ७९,००,०००.०० | |
| ३ | घुम्तीमोड थली जुरेली सडक | बकैया ४ र ११ | ४०,००,०००.०० | |
| ४ | हात्तिसुँडे शिखरपुर मन्थली सडक | बकैया ८,९ र१० | ५५,००,०००.०० | |
| ५ | जुरेली खानेपानी | बकैया ४ | १०,००,०००.०० | |
| | जम्मा | | २,२४,००,०००.०० | |

## २. जिसस मौज्दात कोषबाट संचालन हुने योजना सम्बन्धमा:-

जिल्ला समन्वय समिति मकवानपुरको च नं ११४२ मिति २०७५।११।१५ को पत्रबाट अनुरोध भए बमोजिम जिल्ला समन्वय समितिको मौज्दात कोषबाट संचालन हुने योजनाको लागि यस गाउँपालिकाको तर्फबाट 'जुरेली खानेपानी योजना' छनौट गरी प्रस्ताव पेश गर्ने निर्णय गरियो।

## ३. 'प्रति विद्यार्थी एकाइ लागत अनुदान कार्यान्वयन निर्देशिका' सम्बन्धमा:-

बकैया गाउँपालिकाका सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्याका आधारमा शिक्षक व्यवस्था गर्ने प्रयोजनको लागि प्रति विद्यार्थी एकाइ लागतका आधारमा सम्बन्धी विद्यालयलाई प्रदान गरिने सहयोग अनुदानलाई व्यवस्थित गर्न तयार गरिएको '*बकैया गाउँपालिकाका सामुदायिक विद्यालयहरुमा प्रति विद्यार्थी एकाइ लागतका आधारमा अध्यापन कार्यमा सहयोग अनुदान कार्यान्वयन निर्देशिका, २०७५*' लाई लाइ पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

## ४. माझी समुदायको लदि पर्व कार्यक्रमको लागि आर्थिक सहयोग सम्बन्धमा:-

बकैया गाउँपालिका भित्र उल्लेख्य रुपमा रहेका माझी समुदायले विशेष महत्वका साथ मनाउने लदि पर्वलाई गाउँपालिका स्तरमा आयोजनाको गर्न नेपाल माझी उत्थान संघ जिल्ला कार्य समिति मकवानपुरबाट आर्थिक सहयोगको लागि अनुरोध भए बमोजिम उक्त संस्थाले पेश गरेको आर्थिक प्रस्तावको अधिनमा रहि कार्यक्रम सम्पन्न भए पश्चात संस्थाले पेश गर्ने बिल भरपाईको आधारमा बढिमा रु १ लाख उक्त संस्थालाई भुक्तानी गर्ने निर्णय गरियो।

**५. योजना संचालन सम्बन्धमा:-**

बकैया गाउँकार्यपालिकाको मिति २०७५।१०।४ को बैठकले प्रदेश नं ३ सरकारको शशर्त अनुदानबाट संचालन हुने "कालीदमार वाइवालोसे कान्तीलोकमार्ग ठिंगन सडक" योजना बोलपत्रको माध्यमबाट संचालन गर्ने निर्णय गरिएकोमा उक्त योजना उपभोक्ता समिति मार्फत नै संचालन गर्ने गरी निर्णय गरियो ।

**६. प्राथमिक स्वास्थ्य केन्द्रको विद्युत महशुल भुक्तानी सम्बन्धमा :-**

बकैया गाउँपालिका अन्तर्गत रहेको प्राथमिक स्वास्थ्य केन्द्र छतिवनको च नं १२६ मिति २०७५।११।२६ को पत्रबाट अनुरोध भए बमोजिम उक्त कार्यालयले नेपाल विद्युत प्राधिकरण हेटौंडा वितरण केन्द्रलाई भुक्तानी गर्न बाँकी रहेको कुल रु १,३१,५९०।३१ रकम गाउँपालिकाको तर्फबाट नेपाल विद्युत प्राधिकरणलाई भुक्तानी गर्ने निर्णय गरियो ।

**७. कर्मचुली खेल मैदान निर्माण सम्बन्धमा :-**

यस बकैया गाउँपालिकाको वडा नं ५ मा रहेको कर्मचुली खेल मैदानलाई व्यवस्थित गर्न 'स्थानीय तहमा खेलकुद पुर्वाधार निर्माण सम्बन्धी कार्यविधी,२०७५' बमोजिम प्रस्ताव पेश गरी खेलकुद पुर्वाधार निर्माणको लागि अनुदान रकम माग गर्ने निर्णय गरियो । साथै उक्त कार्यविधीमा व्यवस्था भए बमोजिम उक्त प्रस्ताव स्विकृत भइ आएमा गाउँपालिकाको तर्फबाट व्यहोर्नुपर्ने बाँकी ३० प्रतिशत रकम गाउँपालिकाले व्यहोर्ने भनि सर्वसम्मत निर्णय गरियो।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
३ नं. प्रदेश, नेपाल

अध्यक्ष

बकैया गाउँपालिका